**मिति २०८१।०३।२५ गते बस्ने १५४औ कार्यपालिका बैठकका प्रस्ताबहरु**

१ अधिल्लो बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा ।

२ सेवा प्रवाहको समीक्षा ।

३ विपद् व्यवस्थापनका लागि राहत उपलब्ध गराउने निर्णयको अनुमोदन ।

४ जडीबुटी प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन अनुमती सम्वन्धमा ।

५ आपतकालिन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि सम्वन्धमा ।

६ ठेक्काहरुको अनुमोदन सम्वन्धमा ।

७ नगरविकास कोषको पत्र सम्वन्धमा ।

८ नेपाल नमूना मावि को बोलपत्र सम्वन्धमा ।

९ आपतकालिन कार्य संचालन केन्द्र कार्य संचालन कार्यविधि सम्वन्धमा ।
१० अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।
११ बोलपत्र अनुमोदन सम्बन्धमा ।
१२ आर्थिक सहायता सम्बन्धमा ।

**मिति २०८१/३/२५ गते बसेको १५४ औं कार्यपालिका बैठकको निर्णयहरु**

**निर्णय नं. १**
मिति २०८१/०३/०५ गते बसेको १५३ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको बिषयमा समीक्षा गरियो। कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

**निर्णय नं.२**
रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, यस अन्तरगतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरु समेतमा सेवा प्रवाहका स्थितिका बिषयमा छलफल गरियो सेवा प्रवाहका बिषयमा सुधार गर्नुपर्ने बिषयहरु सुधार गर्दै सेवा प्रवाहलाई अझ बढी प्रभावकारी बनाउँदै लैजाने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३**
यस नगरपालिकामा गत बैशाख जेष्ठमा आएको हावाहुरी र पानीका कारण धेरै घरभवन विधालयका जस्तापाता उडाई अन्य क्षति समेत पुर्याएकोमा नगरको विपद व्यवस्थापन समितिले स्थलगत अनुगमन गरी प्रतिवेदन समेत पेश गरेकाले उक्त प्रतिवेदन बमोजिमको राहत रकम उपलब्ध गराउने निर्णय गरियो । साथै राहत वितरणका लागि स्थानीय प्रहरीको मुचुल्का, सम्वन्धित वडाको सिफारिश, क्षतिग्रस्त घर भवन विधालयको फोटो लगायतका कागजात राखी उपलब्ध गराउन सम्वन्धित शाखालाई निर्देशन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४**
रत्ननगर नगरपालिका वडा नं ११ मा रहेको जडिवुटी खेती तथा जडिबुटी प्रशोधन केन्द्र उपसमितिको प सं २०८०।८१ च नं ०६६ मिति २०८१।०३।१४ को पत्रबाट पञ्चकन्या सामुदायिक वन खण्ड नं २ को ल्याण्डफिल्ड साइडमा रहेको मल कारखानाको भवन जीर्ण भइ उपयोग विहिन रहेकोले पञ्चकन्या सामुदायिक वन र डिभिजन वन कार्यालय सहमतीमा वडा नं ११

मा रहेको जडिबुटी कारखाना उक्त भवनमा सार्नका लागि अनुमती माग गरेकोले सो बिषयमा विस्तृत अध्ययन गरी उपयुक्त रायसुझाव सहितको प्रतिवेदन नगरलाई पेश गर्ने प्रयोजनका लागि देहाय बमोजिमको सिफारिश समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

संयोजक - श्याम कुमार श्रेष्ठ वडाध्यक्ष वडा नं ११

सदस्य - सुन्दरमणी सुवेदी वन वा.तथा विपद व्य. समितिको संयोजक

सदस्य - यशोधा अधिकारी पौडेल कार्यपालिका सदस्य

सदस्य - पंकज गिरी इन्जिनियर

सदस्य सचिव - विश्वास श्रेष्ठ कार्यक्रम अधिकृत वन वातावरण शाखा

**निर्णय नं. ५**

रत्ननगर नगरपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैरप्राकृतिक खाले विपद्का घटनाहरुको सम्वोधनका लागि आपतकालिन समयमा नागरिकको तत्कालै खोज तथा उद्धार गर्न सहजीकरण गर्ने व्यवस्थाका लागि कानुनी प्रवन्ध गर्न बनेको आपतकालिन केन्द्र कार्यसञ्चालन विधि २०८१ सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.६**

यस नगरपालिकाको बोलपत्र मूल्यांकन समितिले मूल्यांकन गरी पेश गरेको ठेक्का नं २२ देखी २५ सम्मका सम्पूर्ण निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७**

नगर विकास कोष नयाँवानेश्वर काठमाडौको प सं ०८१।८२ च नं १६१७ मिति २०८१।०३।०९ को पत्रबाट यस नगरपालिका वडा नं १३ मा रहेको रत्ननगर खानेपानी संस्थाको शहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गतको स्तरउन्नति कार्यका लागि प्रकृया अघि बढेकोले उपभोक्ता संस्थाको तर्फबाट लगानी गर्नुपर्ने रकम रु ५१,३७,४९९।(अक्षेरुपी एकाउन्न लाख सैतिस हजार चार सय उनान्सय मात्र) बार्षिक ५% ब्याजदरमा नगर विकास कोषले ऋण उपलब्ध गराउने भएकोले सो ऋणको जमानी बसीदिन लेखी आएको सन्दर्भमा रत्ननगर खानेपानी उपभोक्ता संस्थाबाट हालसम्म कुनै पत्र प्राप्त नभएको र पछि अनुरोध भई आएमा मात्र साक्षी बस्ने निर्णय गरियो । सो पत्रमा नगरको तर्फबाट हस्ताक्षर गर्न यस नगरपालिकाका नगर प्रमुख प्रलाद सापकोटालाई अख्तियारी दिने समेत सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८**

रत्ननगर नगरपालिका र श्री मनकामना कन्ट्राक्टर्स एण्ड बिल्डर बीच ठेक्का नं. RAT/CHITWAN/Works/NCB/08/079-80, “Construction of Shree Nepal Secondary School Block 3s-6c Building and Completion of 3s-9c and administrative” को मिति २०७९/९/२० गते, मिति २०८०/३/१५ गते भित्र काम सम्पन्न गर्ने गरी कार्यदिश दिइएकोमा, ठेक्का आह्वान गर्दा स्वीकृत विस्तृत परियोजना प्रतिवेदन बमोजिम गरिएकोमा कार्य सम्पदान गर्दा सो प्रतिवेदनमा स्कुल व्यवस्थापन समितिको माग बमोजिम प्रत्येक तलामा रहेको महिला पुरुषको सौचालय निर्माण नगरिएको र ECT कक्षाकोठाको कक्षा संचालन गर्न ढिला भएकोले भुईमा टायल नलगाईएको हुदाँ ,मिति २०८०/११/१७ गतेको रत्ननगर नगरपालिका वडा नं. २ को सिफारिस र सार्वजनिक खरिद नियमावलि नियम ११७ (१) २क बमोजिम आयोजनाको उद्येश्य अनुरुप सो निर्माण कार्य समान्य प्रयोग वा संचालनमा आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दपा ५९ (१)(ख) बमोजिम ठेक्का अन्त्य गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९**

विद्यायन समितिबाट पेश भएको तपसिलको कार्यविधि स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

रत्ननगर नगरपालिका आयतकालिन कार्य संचालन केन्द्र कार्य संचालन कार्यविधि- २०८१

निर्णय नं.१०

रत्ननगर नगरपालिकाको नगर स्तरीय अनुगमन समितिले मिति २०८१ साल ज्येष्ठ महिना १ गते देखि असार २४ गते सम्म विभीन्न मितिमा गरेको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

विद्युतीय माध्यमबाट आबहान भएका रत्ननगर नगरपालिकाको बोलपत्र ठेक्का नं. २३ देखि २५ सम्मका र शिल कोटेशन १३ र १४ को तपसिल बमोजिमका योजनाहरुको प्राविधिक र आर्थिक प्रस्तावहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

**बोलपत्र**

| S.N | Contract Identification No. | Name of Project | Ward No. |
|---|---|---|---|
| 1 | RAT/CHITWAN/works/NCB/23/2080-81 | सामुदायिक भवनलाई पशु स्वासथस्य क्लिनिकमा स्तरोन्नती रनपा १५. | 15 |
| 2 | RAT/CHITWAN/works/NCB/24/2080-81 | सारु चोक देखि शंकर दोबाटो चोक तथा शिवालय मन्दिर चोक सम्मको सडक कालोपत्रे योजना रनपा १६ | 16 |
| 3 | RAT/CHITWAN/works/NCB/25/2080-81 | रनपा ५ को पुरानो वडा कार्यालय देखि खरेलको घर हुँदै दोरङ्गी जोइने सडक कालोपत्रे गर्ने योजना | 05 |

**शिल कोटेशन**

| S.N | Contract Identification No. | Name of Project | Ward No. |
|---|---|---|---|
| 1 | RAT/CHITWAN/works/SQ/13/2080-81 | रत्ननगर नपा वडा नं. ८ म्रक्राली घोलमा कल्भर्ट निर्माण | 08 |
| 2 | RAT/CHITWAN/works/SQ/14/2080-81 | रत्ननगर नगरपालिकाको सवारी साधन पार्किङ्ग स्थल निर्माण | 02 |

**निर्णय नं.१२**

विभीन्न वडा कार्यालयहरुबाट सिफारिस भई भएका तपसिलका अत्यावश्यक परी नगर स्तरीय अन्य आर्थिक सहायता शिर्षकबाट व्ययभार हुने गरी उपलब्ध गाराईएका आर्थिक सहयताहरुको अनुमोदन गरियो ।

**तपसिल**

| क्र. स. | आर्थिक सहयोग माग गर्ने व्यक्तीको नाम | स्थायी ठेगाना | सहयोगको प्रकार | सहयोग माग भएको विवरण | सिफारिस गर्ने वडा कार्यालय | सहयोग रकम |
|---|---|---|---|---|---|---|
| १. | श्री हर्क बहादुर तामाङ्ग | रनपा ८ | काजक्रिया खर्च | माछा मार्ने क्रममा पानीमा डुबी मरेको क | वडा नं. ८ को कार्यालय | २००००/- |
| २. | दिल कुमारी जैशी | रनपा १० | काजक्रिया खर्च | आर्थिक अवस्था कमजोर भई किरिया खर्च नभएको | वडा नं. १० को कार्यालय | १५०००/- |